फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(.......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९५

मिति : २०७८।०५।०१

## सहकारी संघसंस्थाका लागि मार्गदर्शन एवं निर्देशनहरु

श्री सहकारी संघसंस्थाहरू,
सबै ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को पहिलो र दोस्रो लहरको महामारीबाट पर्ने प्रभावको सामना गर्न र व्यवसायलाई निरन्तरता र सुनिश्चितताका लागि विभिन्न किसिमका छुट, सुविधा र निर्देशनहरु विगतमा समेत प्रदान गरिदै आएको छ । यसै सन्दर्भमा सहकारी संघसंस्थाहरुले गर्नुपर्ने तयारीका सम्बन्धमा हालै जारी भएको मौद्रिक नीति, राष्ट्रिय सहकारी महासंघ र विषयगत केन्द्रीय संघहरु समेतको सुझावका आधारमा सहकारी नियमावली, २०७५ को नियम ७६ (झ) बमोजिम यो मार्गदर्शन एवं निर्देशनहरु जारी गरिएको छ ।

१. नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनबाट समय समयमा जारी गरिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण रुपमा परिपालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीहरुमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक पर्ने उपायहरु अवलम्बन गर्ने ।

२. सहकारी संघसंस्थाहरुले काउन्टरमा भिडभाड नहुने तथा आवश्यक भौतिक दुरी कायम हुने गरी मात्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

३. सहकारी संघसस्थाहरुको काउन्टरमा संक्रमण जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सेनिटाइजर, टिस्यू पेपर, थर्मलगनको व्यवस्था गरी काउन्टरको ढोकालाई खुल्ला गरी सेवा प्रवाह गर्ने ।

४. सहकारी संघसंस्थाबाट संचालन गरिने बैठक, गोष्ठी, तालिम जस्ता कार्यक्रमहरुमा भौतिक दुरी सुनिश्चित गर्ने तथा सम्भव भएसम्म यस्ता कार्यक्रमहरु अभौतिक (Virtual) माध्यमबाट संचालन गर्ने ।

५. महामारी एवं प्राकृतिक प्रकोपको अवस्थालाई हेरी हरेक संस्थाले विपद जोखिम न्यूनिकरणका लागि विपद जोखिम पहिचान र मूल्यांकन गरी जोखिम न्यूनिकरणका उपायहरु अपनाउने । संस्थाको जोखिम व्यवस्थापनको लागि संचालक समितिका पदाधिकारीबाट एकजना संयोजक र

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९५

व्यवस्थापन प्रमुख सदस्य रहने गरी कम्तिमा तीन जनाको विपद जोखिम न्यूनिकरण एवं व्यवस्थापन कार्यदल गठन गर्ने ।

६. सहकारी संघसंस्थाहरुले सदस्यहरुलाई प्रवाह गर्ने ऋणको अधिकतम अंश उत्पादनमुलक, रोजगारी सृजना हुने, र कृषिजन्य क्षेत्रहरुमा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

७. सहकारी संघसंस्थाहरुले संस्थागत खर्चमा मितव्ययिता अपनाउने र सो कार्य गर्न सदस्यलाई समेत अभिप्रेरित गर्ने । सवै सदस्यहरुलाई नियमित बचतका अलवा आकस्मिकताका लागि बचत गर्नका लागि प्रोत्साहन गर्ने ।

८. सहकारी संस्थाहरुले महामारीका कारणले आफ्ना सदस्यहरुमा परेको प्रभावको विश्लेषण गरी सदस्यहरुलाई तीन भागमा वर्गीकरण गर्ने । (न्यून प्रभाव- नियमित रोजगारी भएका सदस्य तथा निषेधाज्ञामा बन्द नभएका व्यवसाय संचालन गर्ने सदस्य, आंशिक प्रभाव- कृषि व्यवसाय तथा निर्माण लगायतका व्यवसायमा संलग्न सदस्यहरु, पूर्ण प्रभाव- बन्दाबन्दीका कारण पूर्ण रुपमा व्यवसाय बन्द भएका र आयश्रोत गुमाएका सदस्यहरु)

९. ऋणी सदस्यहरुमा परेको प्रभावको अवस्था हेरी व्यवसायिक योजनाका आधारमा सदस्यको व्यवसाय पुनः संचालनमा आउन सक्ने अवस्था विश्लेषण गरी सदस्यको मागको आधारमा सदस्यले उपभोग गरेको ऋण भुक्तानी अवधि, सावाँ व्याज असुलीको अवस्था समेत विश्लेषण गरी यस्ता सदस्यहरुको संचालक समितिको निर्णयानुसार बढीमा छ महिनासम्म ऋण भुक्तानीको भाखा सार्न सकिने ।

१०. सहकारी संघसंस्थाहरुले भाखा नाघेको ऋणको अवस्था, संस्थामा पारेको प्रभाव समेतको विश्लेषण गरी सो समृद्ध जोखिम न्यूनिकरण प्रति सचेत रहने ।

११. उत्पादित सामाग्री स्थानीय स्तरमा वा नजिकको बजारमा विक्री वितरण गर्ने, कृषि उपजहरु खरिद र विक्री वितरणका लागि स्थानीय तह, प्रदेश र जिल्ला प्रशासनसंग समन्वय गरी किसानको उत्पादन विग्रन नदिन सजग रहने ।

१२. आ.व. ०७७।७८ को असुली हुन बाँकी व्याज रकम श्रावण मसान्तभरी प्राप्त भएकोमा अघिल्लै आर्थिक वर्षको आम्दानी मानी लेखाङ्कन गर्न चाहेमा सो बमोजिम गर्न बाधा नपर्ने ।

१३. महामारीका कारण तोकिएको समयभित्रै ऋणको व्याज र किस्ता भुक्तान गर्न नसेकेका ऋणी सदस्यहरुको हकमा २०७७ पौष मसान्तमा पर्ल्स अनुगमन प्रणाली बमोजिम जे जति प्रतिशत

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९५

कर्जा नोक्सानी कोष व्यवस्था गरिएको छ, त्यस्ता ऋणी सदस्यको हकमा २०७८ आषाढ मसान्तसम्मको लागि संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था मिलाई त्यति नै प्रतिशत कर्जा नोक्सानी कोषको व्यवस्था गर्न बाधा नपर्ने ।

१४. कृषि उत्पादनसंग जोडिएका सहकारी संघसंस्थाहरुले कृषि उत्पादन बृद्धि र सुरक्षित उपभोगको लागि पारिवारिक खेती प्रवर्धन, करेसावारी तथा कौशी खेतीमा जोड दिने र जमिन बाँझो नराख्नका लागि सदस्यहरुलाई अभिप्रेरित गर्ने ।

१५. रु. १० करोड वा सो भन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैक वित्तीय जानकारी इकाईमा पठाउने प्रतिवेदनहरु (सिमा कारोबारको प्रतिवेदन-TTR र शंकास्पद कारोबारको प्रतिवेदन-STR)रु नेपाल राष्ट्र बैकले प्रयोगमा ल्याएको goAML सफ्टवेयर प्रणाली मार्फत अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने र सोको विवरण यस विभागमा समेत गराउने ।

१६. नियामक निकाय एवं आफ्नो छाता संघहरुमा संघसंस्थाले गर्ने प्रतिवेदनहरु सहकारी तथा गरिवी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भई विद्युतीय माध्यमबाट मात्र प्रतिवेदन गर्ने ।

१७. मिति २०७७।०६।०१ मा सहकारी विभागबाट साधारण सभा सञ्चालन सम्वन्धी जारी गरिएको सूचना बमोजिम आर्थिक वर्ष ०७७।७८ को साधारण सभा सञ्चालन गर्न सकिने ।

..............................
(चोमेन्द्र न्यौपाने)
उपरजिष्ट्रार

बोधार्थ:
श्री भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

श्री राष्ट्रिय सहकारी महासंघ लि.,
पुल्चोक, ललितपुर ।